अत्यन्त जरुरी सूचना नं. १

मिति २०७५।५।६

नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७५।५।१ को निर्णयानुसार सन् २०१९ को वसन्त ऋतुमा सगरमाथा हिमालचुली आरोहण गर्ने दलका साथ खटिई गएका र तोकिएको स्थानमा पुगी तोकिए बमोजिमको आफ्नो जिम्मेवारी पूरा नगर्ने सम्पर्क अधिकृतहरुलाई कारवाहीको प्रक्रिया अगाडी बढाउन निर्देशन प्राप्त भएको छ । उक्त सम्बन्धमा पर्यटन ऐन, २०३५ को दफा २० र पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ को नियम ९ बमोजिम सन् २०१९ को वसन्त ऋतुमा सगरमाथा (८८४८ मि.) हिमाल आरोहण गर्ने दलका साथ खटाइएका सम्पर्क अधिकृतहरुमध्ये यस पर्यटन विभागलाई प्राप्त भएको विवरण तथा जानकारी अनुसार विभिन्न २२ जना सम्पर्क अधिकृतहरु खटाईएको स्थानसम्म पुगेको पाइएको र बाँकी १५ जना सम्पर्क अधिकृतहरु खटाइएको स्थानसम्म पुगेको नदेखिएको हुँदा खटाइएको स्थानसम्म पुग्नु भएको भए पुगेको एथेष्ट प्रमाण तथा पुग्न नसक्नु भएको भए खटाइएको स्थानसम्म पुगेर आफ्नो जिम्मेवारी निर्वाह गर्न नसक्नुको प्रमाण पुग्ने विवरण र आफ्नो स्पष्टिकरण यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिनभित्र यस पर्यटन विभाग समक्ष पेश गर्नुहुन अनुरोध छ । साथै खटाइएको स्थानसम्म नपुगे (पर्यटन विभागलाई प्राप्त विवरण) को र तोकिएको समयभित्र प्रमाण पुग्ने तथा पछि फरक नपर्ने किसिमको विवरण पेश नगर्ने सम्पर्क अधिकृतलाई कारवाहीको प्रक्रिया अगाडी बढाइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

मिरा आचार्य, निर्देशक
होटल, पर्वतारोहण तथा अनुगमन शाखा
पर्यटन विभाग

**अत्यन्त जरुरी सूचना नं. २** मिति २०७५।५।६

नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७५।५।१ को निर्णयानुसार सन् २०१९ को वसन्त ऋतुमा सगरमाथा हिमालचुली आरोहण गर्ने दलका साथ खटिई गएका र तोकिएको स्थानमा पुगी तोकिए बमोजिमको आफ्नो जिम्मेवारी पूरा नगर्ने सम्पर्क अधिकृतहरुलाई कारवाहीको प्रक्रिया अगाडी बढाउन निर्देशन प्राप्त भएको छ । पर्यटन ऐन, २०३५ को दफा २० र पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ को नियम ९ बमोजिम सन् २०१९ को वसन्त ऋतुमा विभिन्न हिमाल आरोहण गर्ने दलका साथ खटाइएका तपाईं सम्पर्क अधिकृतहरुले खटाइएको स्थानमा पुगेको प्रमाण पुग्ने तथा पछि फरक नपर्ने कागजात/फोटो/भिडियो साथै खटाइएको स्थानसम्म नपुगेको भए खटाइएको स्थानसम्म नपुग्नुको प्रमाण पुग्ने र पछि फरक नपर्ने विवरण सहितको कारण यस पर्यटन विभागलाई यो सूचना पर्यटन विभागको वेवसाइटमा प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उपलब्ध गराउनु हुन अनुरोध छ । साथै खटाइएको स्थानसम्म नपुग्ने र तोकिएको समयभित्र प्रमाण पुग्ने तथा पछि फरक नपर्ने किसिमको विवरण पेश नगर्ने सम्पर्क अधिकृतलाई खटाईएको स्थानसम्म नपुगेको सरह मानी कारवाहीको प्रक्रिया अगाडी बढाइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

मिरा आचार्य, निर्देशक
होटल, पर्वतारोहण तथा अनुगमन शाखा
पर्यटन विभाग